नेपाल सरकार
# स्वास्थ्य बीमा बोर्ड

पत्र संख्या :
चलानी नं.:

फोन नं. : ०१-४१००२२३
टोल फ्री : १६६००१११२२४
बबरमहल, काठमाडौं

मितिः २०८३।०७।१८

**विषयः स्वास्थ्य बीमा कार्यक्रममा प्रदेश/स्थानीय तहका लागि डिजिटल सामूहिक आबद्धता तथा नवीकरण सेवा शुभारम्भ सम्वन्धमा प्रेस विज्ञप्ति।**

मिति २०८३ कार्तिक १७ गतेदेखि स्वास्थ्य बीमा बोर्डले **HIB e-Portal (eportal.hib.gov.np)** मार्फत प्रदेश/स्थानीय तहका लागि डिजिटल सामूहिक आबद्धता तथा नवीकरण )Bulk Enrollment/Renewal) सेवा शुभारम्भ गरेको छ। पहिलो चरणमा गोकर्णेश्वर नगरपालिका काठमाडौं र कपिलवस्तु नगरपालिका कपिलवस्तुलाई संस्थागत प्रयोगकर्ता पहुँच प्रदान गरी सेवा सुरु गरिएको हो।

यस प्रणालीमार्फत प्रदेश सरकार/स्थानीय तहले आफ्नै ड्यासबोर्डबाट स्वयं वा दर्ता सहयोगीमार्फत आफ्ना नागरिक तथा लक्षित लाभग्राहीलाई स्वास्थ्य बीमा कार्यक्रममा सामूहिक रूपमा आबद्धता, नवीकरण, योगदान रकम भुक्तानी तथा अभिलेख व्यवस्थापन गर्न सक्नेछन्।

यस प्रणालि मार्फत सेवा उपयोगका लागि प्रदेश सरकार/स्थानीय तहहरुलाई स्वास्थ्य बीमा बोर्डका सम्बन्धित प्रदेश तथा जिल्ला कार्यालयसँग समन्वय गरी डिजिटल आबद्धता तथा नवीकरण सेवा सञ्चालन गर्न हार्दिक अनुरोध गरिन्छ। यस प्रणालि मार्फत सामूहिक आबद्धता प्रक्रियालाई सहज, व्यवस्थित, पारदर्शी तथा प्रविधिमैत्री बनाउनुका साथै दर्ता प्रक्रियामा लाग्ने समय न्यूनीकरण गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

डा. पवन कुमार साह
वरिष्ठ मेडिकल सुपरिटेण्डेण्ट
(प्रवक्ता)